# मेलुङ गाउँपालिका
## गाउँ कार्यपालिका बैठक

बैठक सङ्ख्याः ७४

आज मिति २०८३/०४/२४ गते आइतबारको दिन मेलुङ गाउँपालिकाका अध्यक्ष श्री हिरा कुमार तामाङज्यूको अध्यक्षतामा तससिल बमोजिमका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिका बैठक बसी देहायका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा कुमार तामाङ | अध्यक्ष | | |
| २ | श्री गायत्री आचार्य | उपाध्यक्ष | | |
| ३ | श्री ईश्वर कोइराला | सदस्य | | |
| ४ | श्री रामकृष्ण भण्डारी | सदस्य | | |
| ५ | श्री बसन्त लामा | सदस्य | | |
| ६ | श्री सोम बहादुर बम्जन लामा | सदस्य | | |
| ७ | श्री ललित बहादुर थापा मगर | सदस्य | | |
| ८ | श्री कुसुम लामा | सदस्य | | |
| ९ | श्री नवराज खड्का | सदस्य | | |
| १० | श्री शान्ता दहाल कार्की | सदस्य | | |
| ११ | श्री राममाया लामा | सदस्य | | |
| १२ | श्री बिमला नेपाली | सदस्य | | |
| १३ | श्री बिन्दा पाण्डे | सदस्य | | |
| १४ | श्री यादव घतानी | सदस्य | | |
| १५ | श्री मल्लिका दर्नाल | सदस्य | | |
| १६ | श्री भुवन चापागाई | सचिव | | |

**आमन्त्रित**

१. डिल्ली बहादुर बुढाथोकी, का.वा. वडाअध्यक्ष वडा नं १

२. कमल लकान्द्री, का.वा. वडाअध्यक्ष वडा नं ३

३. रामेश्वर अधिकारी, का.वा. वडाअध्यक्ष वडा नं ४

४. [illegible] चापागाईं

**बैठकका प्रस्तावहरु :**

1. स्थानीय दररेट स्वीकृत सम्बन्धमा।
2. करदाता सेवा सञ्चालन सम्बन्धमा।
3. योजना कार्यान्वयन सम्बन्धमा।
4. करार सम्झौता नवीकरण सम्बन्धमा।
5. आ.व. २०८३/८४ देखि लागू हुने तलबमान निर्धारण सम्बन्धमा।
6. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखिपठाइएको उजुरी सम्बन्धमा।
7. विविध।
   - ✓ करार कर्मचारीको व्यवस्थापन सम्बन्धमा।
   - ✓ सामूदायिक विद्यालयका प्रधानाध्यापक छनौट सम्बन्धमा।
   - ✓ करार कर्मचारी पदपूर्ति सम्बन्धमा।
   - ✓ विपद् व्यवस्थापन सम्बन्धमा।
   - ✓ रुग्ण ठेक्काहरुको म्याद थप सम्बन्धमा।

**निर्णयहरु :**

1. प्रस्ताव नम्बर १ माथि छलफल गर्दा आ.व. २०८३/८४ को जिल्ला दररेट निर्धारण समिति, दोलखाले तयार गरेको दररेटको अधिनमा रहि कार्यालयबाट तयार गरि पूर्वाधार विकास समितिको सिफारिससहित प्राप्त मेलुङ गाउँपालिकाको स्थानीय दररेट २०८३/८४ स्वीकृत गर्ने।
2. प्रस्ताव नम्बर २ माथि छलफल गर्दा आन्तरिक राजस्व विभागबाट जारी कार्य सञ्चालन कार्यविधि तथा करदाता सेवा सम्बन्धी Standard Operating Procedure (SOP) बमोजिम स्थानीय तहबाट प्रवाह गर्न सकिने करदाता सेवाहरु मेलुङ गाउँपालिकाबाट समेत सञ्चालन गर्ने सम्बन्धमा छलफल हुँदा करदाता सेवाको पहूँच अभिवृद्धि, सेवा प्रवाहलाई प्रभावकारी तथा सहज बनाउने उद्देश्यले आन्तरिक राजस्व कार्यालय, धुलिखेल र मेलुङ गाउँपालिकाबीच समझदारीपत्र (Memorandum of Understanding-MOU) सम्पन्न गरी सेवा सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।
3. प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा चालू आ.व. मा विनियोजन भएका गाउँपालिकास्तरीय तथा वडास्तरीय योजनाहरु (ससर्त, समपूरक र विशेष अनुदान समेत) मध्ये रु १० लाख र सो भन्दा माथि बजेटका योजनाहरु विद्युतीय ठेक्का मार्फत कार्यान्वयन गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने।
4. प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा गाउँपालिकामा करारमा कार्यरत कर्मचारीको सम्बन्धमा देहायबमोजिम गर्ने।
   - ✓ गाउँपालिकाअन्तर्गत स्वीकृत दरबन्दीभित्र पर्ने कर्मचारीहरुको करार म्याद ६ महिना थप गर्ने।
   - ✓ गाउँपालिकाको स्वीकृत दरबन्दी भन्दा बाहिर पर्ने कर्मचारीहरुको हाललाई ३ महिना थप गर्ने र सो को व्यवस्थापन गर्ने सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्रशासन शाखा प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुख सदस्य रहने गरि ३ सदस्य करार कर्मचारी व्यवस्थापन सिफारिस समिति गठन गर्ने र १ महिनाभित्र प्रतिवेदन पेश गर्नेगरी कार्यदेश दिने।
   - ✓ स्वास्थ्यतर्फ स्वीकृत दरबन्दी बाहेक कार्यरत करार कर्मचारीको गाउँपालिका करार सेवा शुल्कबाट भुक्तानी गर्ने व्यवस्था मिलाउने।

✓ स्वास्थ्यतर्फ स्वीकृत सङ्घीय दरबन्दीमा रिक्त १ अहेब पदमा ईच्छुक गाउँपालिका करारतर्फको समान पदलाई समायोजन गर्ने ।

5. प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा आ.व. २०८३/८४ देखि लागू हुने गरी कमर्चारीको तलबमान तपसिल बमोजिम निर्धारण गर्ने । साथै स्थायी कर्मचारीको लागि सङ्घीय सरकारले तोके बमोजिम हाल कायम तलबमानको १० प्रतिशत प्रोत्साहन भत्ता थप गरि भुक्तानी गर्ने । साथै उल्लेखित प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई गाउँपालिकाको अतिरिक्त समय कार्य गरेबापत प्रोत्साहन उपलब्ध गराउने कार्यविधि २०८१ बमोजिम समेत प्रोत्साहन सुविधा लिन बाधा नपर्ने ।

<u>तपसिल</u>

**२०८३/०४/०१ देखि लागू हुने तलवमान**

| क्र.सं | पद/तह | शुरू तलबमान | ग्रेड संख्या | ग्रेड दर | कायम जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| **गाउँपालिका स्थायी तर्फ** | | | | | | |
| १. | अधिकृत सातौँ | ५०४३६ | ८ | १६८१ | ६३८८४ | |
| २. | अधिकृत छैठौ | ४८०५८ | ८ | १६०२ | ६०८७४ | |
| ३. | सहायक पाँचौ | ३८२०३ | १० | १२७३ | ५०९३३ | |
| ४. | सहायक चौथो | ३६१९२ | १० | १२०६ | ४८२५२ | |
| **गाउँपालिका करार तर्फ** | | | | | | |
| ५. | अधिकृत सातौँ | ५०४३६ | - | - | ५०४३६ | |
| ६. | अधिकृत छैठौ | ४८०५८ | - | - | ४८०५८ | |
| ७. | सहायक पाँचौ | ३८२०३ | - | - | ३८२०३ | |
| ८. | सहायक चौथो | ३६१९२ | - | - | ३६१९२ | |
| ९. | सहायक तेस्रो | ३२७०१ | - | - | ३२७०१ | हेभि सवारी चालक |
| १०. | सहायक दोस्रो | ३०३७३ | - | - | ३०३७३ | हलुका सवारी चालक |
| ११. | सहायक प्रथम | २७१७२ | - | - | २७१७२ | का.स./इलेक्ट्रिसियन/चौकीदार |
| * गाउँपालिकामा स्वास्थ्यतर्फ कार्यरत स्थायी कर्मचारीको लागि सङ्घीय सरकारले तोके बमोजिमको तलबसुविधा भुक्तानी दिने। | | | | | | |
| * स्वास्थ्यतर्फ स्वीकृत दरबन्दी अन्तर्गत कार्यरत करार कर्मचारीको लागि गाउँपालिका करारतर्फ तोकिएको सम्बन्धित तहको सुरू तलवमान कायम गर्ने। | | | | | | |
| * विभिन्न सङ्घीय तथा प्रादेशिक कार्यक्रमतर्फ एकल वा साझेदारीमा कार्यरत कर्मचारीको लागि गाउँपालिका करारतर्फ तोकिएको सम्बन्धित तहको सुरू तलवमान कायम गर्ने। साथै सम्बन्धित कार्यक्रमतर्फ बजेट अपुग भएमा गाउँपालिका करार सेवा शुल्कबाट बाँकी तलब भुक्तानी दिने। | | | | | | |
| * गरिवसँग विश्वेश्वर कार्यक्रमतर्फको सामाजिक परिचालिकाको पारिश्रमिक गाउँपालिका तर्फबाट ४५५० थप गरी १९५५० कायम गर्ने। | | | | | | |
| * विद्यालयतर्फ विद्यालय सहायक, वालविकास सहजकर्ता, र सहयोगीको लागि सङ्घीय सरकारबाट प्राप्त रकम गाउँपालिकाबाट क्रमश ४०००, ६५०० र ७५०० थप गरी तलवमान कायम गर्ने। | | | | | | |

६. प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको पत्र सङ्ख्या Div-9/8384/शिक्षा(स्थानीय)-९६, च.नं. २४२८ बाट विन्दावासिनी आधारभूत विद्यालयको अनियमितता सम्बन्धी उजुरी यस कार्यालयमा लेखिपठाइएको सम्बन्धमा छलफल भयो । सो सम्बन्धमा छानविन गरि प्रतिवेदन पेश गर्न उपाध्यक्ष श्री गायत्री

आचार्यज्यूको संयोजकत्वका शिक्षा अधिकृत श्री कमल श्रेष्ठ र लेखापाल श्री चिरञ्जीवी खनाल रहने गरि ३ सदस्यीय छानविन समिति गठन गर्ने र सो समितिलाई १ महिनाभित्र छानविन गरि प्रतिवेदन पेश गर्न कार्यदेश दिने ।

७. प्रस्ताव नम्बर ७ विविध माथि छलफल गर्दा देहायबमोजिम गर्ने ।

७.१ मेलुङ गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा कार्यरत यसअघि कुनै सरकारी सेवाबाट अवकास प्राप्त गरेका वा निवृत्तिभरण पाइरहेका करार कर्मचारीलाई २०८३ भाद्र १ गतेदेखि सेवा निरन्तरता नदिई सधन्यवाद बिदाई गर्ने ।

७.२ शिक्षा (दशौं संशोधन) नियमावली २०८३ परिच्छेद १७ नियम ९३ मा भएको व्यवस्था बमोजिम मेलुङ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको प्रधानाध्यापक छनौट प्रक्रियालाई क्रमश अगाडि बढाउने ।

७.३ सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ता, बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत पोषण सहजकर्ता, म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य कार्यक्रम अन्तर्गत जनस्वास्थ्य अधिकृत, कृषि स्नातक परिचालन कार्यक्रम अन्तर्गत कृषि स्नातक प्राविधिक (कृषि)को करारमार्फत पदपूर्ति प्रक्रिया अगाडि बढाउने । साथै स्वीकृत दरबन्दीभित्र रिक्त नायव पशु स्वास्थ्य प्राविधिक सहायक चौथो पदमा १ जना र बैद्य सहायक चौथो पदमा १ जना लोकसेवाबाट पदपूर्ति नहुँदासम्मको लागि करारबाट पदपूर्ति गर्नेगरी आवश्यक प्रक्रिया अगाडि बढाउने ।

७.४ वडा नं ७ को स्वास्थ्य चौकी भवनको आगनको तल्लोपट्टि भागमा बर्षाको कारण चर्कि भासिएकोले सो को तत्काल निर्माण गर्न आवश्यक रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरि आवश्यक निर्माण कार्य अगाडि बढाउने । साथै वडा नं ७ स्थित डुम्रे शितली सिचाई कुलो तामाकोशी नदीमा आएको बाढिले कटान गरि पूर्ण रुपमा क्षति भएको हुदाँ सो को लागि आवश्यक पर्ने सिचाई पाइप विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुनेगरि खरिद प्रक्रिया अगाडि बढाउने । साथै बर्षातको समय आइपर्न सक्ने विपद्, बाटो अवरुद्ध लगायतको लागि गाउँपालिकाको JCB उपलब्ध नभएको खण्डमा वडाबाट विनियोजित बजेटबाटै खर्च गर्ने गरि नियमानुसार सडक सरसफाई कार्य गर्ने ।

७.५ गाउँपालिकाभित्र विगतमा सञ्चालन भई अपुरो रहेका रुग्ध ठेक्काहरुको सम्पन्न गर्नको लागि खरिद सम्झौताको अवधि थप गर्न सार्वजनिक खरिद नियमावली २०६४ (पन्ध्रौं संशोधन) को नियम १२० क बमोजिम म्याद थप गर्ने गरी ३० दिनभित्र आवश्यक कागजातहरुसहित निवेदन पेश गर्न सार्वजनिक सूचना जारी गर्ने । अन्य प्रक्रियाहरु सोहि नियमावलीको नियमबमोजिम हुने गरि प्रक्रिया अगाडि बढाउने ।